puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

# पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग )
लुम्बिनी प्रदेश, नेपाल

प सं.: ०७९।०८०
च.नं.: १२३५

मितिः २०७९ । १२। २४ गते

**विषय: कक्षा ८ को नतिजा प्रकाशन सम्बन्धमा**

प्रस्तुत विषयमा यस पुथा उत्तरगङ्गा गाउँपालिकामा मिति २०७९ चैत्र २ गते देखि १० गते सम्म सञ्चालन भएको आधारभूत तह कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षाको नतिजा यस गाउँपालिकामा गठित आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा मूल्याङ्कन समितिको मिति २०७९ चैत्र २४ गतेको निर्णय अनुसार प्रकाशन गरिएको छ ।

**परीक्षा सम्बन्धि जानकारी**

- विद्यालयको IEMIS मा नाम Entry नगरी कक्षा ८ को परीक्षामा संलग्न भएका परीक्षार्थीको नतिजाको हकमा विद्यालय नै जिम्मेवार हुनेछ ।
- लेटर ग्रेडिङ निर्देशिका, २०७८ बमोजिम सबै विषयमा न्यूनतम ग्रेड (शैद्धान्तिक तर्फ D र आन्तरिक तर्फ C ) पूरा गरेका परीक्षार्थीहरुले मात्र मूल प्रमाणपत्र प्राप्त गर्नेछन् ।
- दुई विषयसम्ममा NG प्राप्त गरेका परीक्षार्थीहरु ग्रेड वृद्धि परीक्षामा समावेश हुन पाउने छन् । ग्रेड वृद्धिको परीक्षा मिति २०८० साल बैसाख महिनाको १४ र १५ गते तोकिएको छ । ग्रेड वृद्धिको परीक्षा सम्बन्धि थप जानकारी शिक्षा, युवा तथा खेलकुद शाखा, तकसेराबाट प्राप्त गर्न सकिने छ ।
- दुई विषय भन्दा बढी विषयमा NG प्राप्त गरेका परीक्षार्थीहरु अर्को वर्षको सम्पूर्ण विषयको परीक्षामा संलग्न हुन वा कक्षा ८ मा पुन: अध्ययन गर्न पाउने छन् ।

**विद्यालयहरुले कक्षा ८ को नतिजा हेर्ने र Ledger Download गर्ने तरिका**

- http://iemis.cehrd.gov.np/login मा गएर School Code र Password टाइप गरी Login गर्ने ।
- Manage Exam मा जाने ।
- School Level Marks मा Click गर्ने ।
- Year मा 2079 र Grade मा 8 छनोट गर्ने ।
- View Ledger मा Click मा गर्ने ।
- Export to pdf मा Click गर्ने त्यसपछि कक्षा ८ को नतिजाको Ledger Download हुन्छ ।

*नोट : नतिजा सम्बन्धि थप जानकारी शिक्षा, युवा तथा खेदकुद शाखा, तकसेरा बाट प्राप्त गर्न सकिनेछ ।*

**बोधार्थ :** श्री सूचना अधिकृत, सूचना सम्प्रेषण गरिदिनुहुन् ।

१२/२४

.......................
राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत